## एनएमबि बैंक लिमिटेड बबरमहल, काठमाडौंको तपसिलको ऋणीहरुलाई कर्जा चुक्ता भुक्तान गर्न आउने बारेको ३५ (पैंतीस) दिने सूचना

**(प्रकाशित मितिः २०८२।११।२६ को सौर्य राष्ट्रिय दैनिक)**

यस बैंकको तपसिलमा उल्लेखित ऋणीहरुले विभिन्न कर्जा शिर्षक अन्तर्गत लिएको ऋणकर्जाको तोकिएको समयावधी भित्रमा तिर्नु बुझाउनु पर्ने रकमहरु तिर्न बुझाउनका लागि पटक पटक लिखित तथा मौखिक तरताकेता गर्दा समेत नतिरी, नबुझाई ऋणकर्जा सम्बन्धी शर्त बन्देजहरुको उल्लंघन गर्नु भएकोले ऋणकर्जा चुक्ता भुक्तान गर्न ल्याउने बारेको यो ३५ (पैंतीस) दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ। यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिनभित्र यस बैंकमा सम्पर्क राखी तपाई ऋणीहरुले लिएको ऋणकर्जाको सम्पूर्ण साँवा, ब्याज लगायत अन्य दायित्वहरु समेत चुक्ता भुक्तान गर्नुहोला। उपरोक्त तोकिएको म्यादभित्र बैंकलाई तिर्नु, बुझाउनु पर्ने सम्पूर्ण रकम (साँवा, ब्याज, हर्जाना ब्याज आदि) नबुझाएमा प्रचलित कानून तथा ऋणी र यस बैंकबीच भएको लिखतको शर्त अनुसार ऋणीको नाम कर्जा सूचना केन्द्रको कालो सूचीमा समावेश गरिने तथा धितोमा रहेको तपसिलमा उल्लेखित सम्पत्तिहरु लिलाम बिक्री गरी यस बैंकको लेना रकम असूल उपर गरिनेछ। कथंकदाचित लिलाम बिक्रीबाट प्राप्त रकमले लेना रकम असूल उपर हुन नपुग भएमा वा धितोको सम्पत्ति लिलाम बिक्री हुन नसकेमा प्रचलित कानून बमोजिम अन्य कानूनी कारवाहीहरुको प्रकृया थालनी गरिने व्यहोरा समेत सम्बन्धित ऋणी, व्यक्तिगत जमानतकर्ताहरु तथा धितो जमानी दिनु हुने महानुभावहरुलाई समेत यसै सूचनाद्वारा जानकारी गराउँदछौं।

**तपसिल**

**ऋणी, कर्जा शिर्षक, व्यक्तिगत जमानतकर्ताहरु र धितो लेखिदिएको सम्पत्तिको विवरणः**

**१. ऋणीको नामः केशव श्रेष्ठ** **कर्जा शिर्षकः** व्यक्तिगत आवास कर्जा

ना.प्र.प.नं (जारी मिति/स्थान): ३६/२४७४०(२०६२/०३/१९/मकवानपुर), बाजेको नामः लक्ष्मी सुन्दर श्रेष्ठ, बाबुको नामः नारायण श्रेष्ठ, ठेगानाः मकवानपुर जिल्ला, हेटौंडा उ.म.न.पा. वडा नं. ०४।

**व्यक्तिगत जमानतकर्ताहरूः**

**क. पुनमाया श्रेष्ठः** ना.प्र.प.नं (जारी मिति/स्थान): २५१०९१०७(२०६३/०२/१५/नुवाकोट), बाबुको नामः को बहादुर श्रेष्ठ, ससुराको नामः नारायण श्रेष्ठ, पतिको नामः केशव श्रेष्ठ, ठेगानाः नुवाकोट जिल्ला, भद्रुटार गा.वि.स. वडा नं. १ स्थायी ठेगाना भई हाल मकवानपुर जिल्ला, हेटौंडा उ.म.न.पा. वडा नं. ०४।

**ख. चन्द्रा माया श्रेष्ठः** ना.प्र.प.नं (जारी मिति/स्थान): ३७३७(२०३६/०५/०७/चितवन), ससुराको नामः लक्ष्मी सुन्दर श्रेष्ठ, पतिको नामः नारायण श्रेष्ठ, ठेगानाः चितवन जिल्ला, रत्ननगर गा.वि.स. वडा नं. ६ स्थायी ठेगाना भई हाल मकवानपुर जिल्ला, हेटौंडा उ.म.न.पा. वडा नं. ०४।

**ग. वाल कुमारी श्रेष्ठः** ना.प्र.प.नं (जारी मिति/स्थान): २५/०२४(२०५२/०९/३०/मकवानपुर), बाजेको नामः लक्ष्मी सुन्दर श्रेष्ठ, बाबुको नामः नारायण श्रेष्ठ, ठेगानाः मकवानपुर जिल्ला, हेटौंडा उ.म.न.पा. वडा नं. १०।

**घ. इन्द्र बहादुर कार्कीः** ना.प्र.प.नं (जारी मिति/स्थान): २३८४६(२०४९/१०/११/मकवानपुर), बाजेको नामः गगन सिं कार्की, बाबुको नामः जित बहादुर कार्की, ठेगानाः मकवानपुर जिल्ला, हेटौंडा उ.म.न.पा. वडा नं. ०४।

**धितो लेखिदिएको सम्पत्तिको विवरणः**

लक्ष्मी सुन्दर श्रेष्ठको बुहारी, नारायण श्रेष्ठको पत्नी, चितवन जिल्ला, रत्ननगर गा.वि.स. वडा नं. ६ स्थायी ठेगाना भई हाल मकवानपुर जिल्ला, हेटौंडा उ.म.न.पा. वडा नं. ४ बस्ने **चन्द्रा माया श्रेष्ठ**को नाममा मालपोत कार्यालय हेटौंडा, मकवानपुरको लगतमा दर्ता श्रेष्ता कायम रहेको मकवानपुर जिल्ला, हेटौंडा न.पा. वडा नं./नक्सा सिट नं. ४ स्थित कि.न. २२४० को क्षेत्रफल ०-०-९-० विघाको जग्गा र उक्त जग्गामा बनेको घरटहरा लगायत सम्पुर्ण लिगलगापात समेत।

**२. ऋणीको नामः के.ए. कन्ट्रक्सन** **कर्जा शिर्षकः** सवारी साधन कर्जा

(नेपाल सरकार, उद्योग मन्त्रालय, घरेलु तथा साना उद्योग विभाग, घरेलु तथा साना उद्योग कार्यालय हेटौंडा, मकवानपुरमा दर्ता रहेको), दर्ता नं.: ९१४८/५२७/२०७१/२०७२, दर्ता मितिः २०७१/१२/२६, स्थायी लेखा नं.: ६०११६४३५८, ठेगानाः मकवानपुर जिल्ला, हेटौंडा उ.म.न.पा. वडा नं. ०४।

**प्रोप्राईटरः**

**केशव श्रेष्ठः** ना.प्र.प.नं (जारी मिति/स्थान): ३६/२४७४०(२०६२/०३/१९/मकवानपुर), बाजेको नामः लक्ष्मी सुन्दर श्रेष्ठ, बाबुको नामः नारायण श्रेष्ठ, ठेगानाः मकवानपुर जिल्ला, हेटौंडा उ.म.न.पा. वडा नं. ०४।

**व्यक्तिगत जमानतकर्ताहरूः**

**क. पुनमाया श्रेष्ठः** ना.प्र.प.नं (जारी मिति/स्थान): २५१०९१०७(२०६३/०२/१५/नुवाकोट), बाबुको नामः को बहादुर श्रेष्ठ, ससुराको नामः नारायण श्रेष्ठ, पतिको नामः केशव श्रेष्ठ, ठेगानाः नुवाकोट जिल्ला, भद्रुटार गा.वि.स. वडा नं. १ स्थायी ठेगाना भई हाल मकवानपुर जिल्ला, हेटौंडा उ.म.न.पा. वडा नं. ०४।

**ख. चन्द्रा माया श्रेष्ठः** ना.प्र.प.नं (जारी मिति/स्थान): ३७३७(२०३६/०५/०७/चितवन), ससुराको नामः लक्ष्मी सुन्दर श्रेष्ठ, पतिको नामः नारायण श्रेष्ठ, ठेगानाः चितवन जिल्ला, रत्ननगर गा.वि.स. वडा नं. ६ स्थायी ठेगाना भई हाल मकवानपुर जिल्ला, हेटौंडा उ.म.न.पा. वडा नं. ०४।

**ग. इन्द्र बहादुर कार्कीः** ना.प्र.प.नं (जारी मिति/स्थान): २३८४६(२०४९/१०/११/मकवानपुर), बाजेको नामः गगन सिं कार्की, बाबुको नामः जित बहादुर कार्की, ठेगानाः मकवानपुर जिल्ला, हेटौंडा उ.म.न.पा. वडा नं. ०४।

**घ. विवेक श्रेष्ठः** ना.प्र.प.नं (जारी मिति/स्थान): ३११०२३/४८६६२(२०६४/११/३०/मकवानपुर), बाजेको नामः सिताराम श्रेष्ठ, बाबुको नामः लव कुमार श्रेष्ठ, ठेगानाः मकवानपुर जिल्ला, हेटौंडा उ.म.न.पा. वडा नं. ०५।

**धितो लेखिदिएको सम्पत्तिको विवरणः**

धनी एनएमबि बैंक लि. (साविक ओम डेभलप्मेन्ट बैंक लि.)/ ऋणी **के.ए. कन्ट्रक्सन** को नाममा नारायणी यातायात व्यवस्था कार्यालयमा दर्ता कायम रहेको निम्नानुसारको सवारीसाधनहरुः

**क. सवारीसाधनको विवरणः** कम्पनीः टाटा मोटर्स, किसिमः भाडा टिपर, मोडलः LPK1618TC36, बनेको सालः २०१८, सवारी दर्ता नंः ना.८.ख.२६०२, च्यासिस नंः MAT449019J2R09876 इन्जिन नंः 81D63687285

**ख. सवारीसाधनको विवरणः** कम्पनीः टाटा मोटर्स, किसिमः भाडा टिपर, मोडलः LPK1618TC36, बनेको सालः २०१८, सवारी दर्ता नंः ना.८.ख.२६००, च्यासिस नंः MAT449019J5R00422 इन्जिन नंः 81H63719662

**३. ऋणीको नामः केशव श्रेष्ठ** **कर्जा शिर्षकः** क्रेडिट कार्ड र डिजिटल सापटी कर्जा

ना.प्र.प.नं (जारी मिति/स्थान): ३६/२४७४०(२०६२/०३/१९/मकवानपुर), बाजेको नामः लक्ष्मी सुन्दर श्रेष्ठ, बाबुको नामः नारायण श्रेष्ठ, ठेगानाः मकवानपुर जिल्ला, हेटौंडा उ.म.न.पा. वडा नं. ०४।

NMB BANK एनएमबि बैंक समृद्ध नेपालको लागि | A JOINT VENTURE WITH FMO Entrepreneurial Development Bank The Netherlands | Member of : Global Alliance for Banking on Values

**एनएमबि बैंक लिमिटेड**
कर्जा असूली विभाग, नक्साल, काठमाण्डौं
सम्पर्क नं. ९७७-०१-४५४६४५४, ०१-४५३८६४७, ९८५११३९४१९

# औद्योगिक उत्पादन घटेपछि जर्मन चान्सलरमाथि दबाब

■ एजेन्सी



फ्याकफर्ट। जनवरी महिनामा जर्मन औद्योगिक उत्पादन र अर्डरहरू अपेक्षाभन्दा कमजोर आएको तथ्यांकले चान्सलर फ्रेडरिक मर्जमाथि युरोपको सबैभन्दा ठुलो अर्थतन्त्रलाई पुनर्जीवित गर्ने दबाब बढाएको छ। संघीय तथ्यांक कार्यालय डेस्टाटिसका अनुसार औद्योगिक उत्पादन ०.५ प्रतिशतले घटेको छ। यद्यपि विश्लेषकहरूले ०.९ प्रतिशत वृद्धिको अनुमान गरेका थिए।

औद्योगिक अर्डरहरूमा ११.१ प्रतिशतको गिरावट आएको छ। यो फ्याक्टसेट विश्लेषक सर्वेक्षणमा अपेक्षित ५.२ प्रतिशतको भन्दा धेरै ठुलो हो। यसले उद्योगमा माग कमजोर रहेको स्पष्ट संकेत दिएको छ। सार्वजनिक ऋणदाता केएफडब्लुका अर्थशास्त्री डर्क शुमाकर भन्छन्, 'यी तथ्यांक स्पष्ट रूपमा निराशाजनक छन्। अर्डर इन्टेकमा देखिएको गिरावटले संकेत गर्दछ कि वृद्धिले उद्योगलाई अझ पछाडि राखेको छ।'

सन् २०२६ को सुरुआतमा सकारात्मक आर्थिक तथ्यांकले जर्मन उद्योगको सम्भावित रिकभरी हुने संकेत दिएको थियो, तर जनवरीको तथ्यांकले यो सुधार कति कमजोर छ भन्ने देखाएको छ। मर्जका लागि यो चुनौतीपूर्ण पढाइ हो, जसले जर्मनीको फ्ल्याटलाइनिङ अर्थतन्त्रलाई गति दिन आफ्नो शीर्ष प्राथमिकता बनाएको छ।

शुमाकरका अनुसार सरकारको रक्षा र अन्य क्षेत्रहरूमा बढ्दो खर्चले केही क्षेत्रमा सुधार ल्याएको छ, तर व्यापक औद्योगिक वृद्धिको लागि पर्याप्त छैन। उनले भने, 'केही क्षेत्र, जस्तै रक्षा, तीव्र रूपमा विकास भइरहेको छ, तर यसले समग्र उद्योगमा व्यापक वृद्धि ल्याउन पर्याप्त छैन।'

कोभिड-१९ महामारीपछिको समयदेखि जर्मनीको अर्थतन्त्र अपेक्षाकृत सुस्त गतिमा बढेको छ। जनवरीमा सरकारले सन् २०२६ का लागि वृद्धिको अनुमान १ प्रतिशतमा झारेको थियो।

# स्पेस टेक्नोलोजीमा चीनको कदम : लङ मार्च-८ए वाई८ रकेट प्रक्षेपण तयारीमा

■ एजेन्सी

बेइजिङ। चीन अकादमी अफ लन्च भेइकल टेक्नोलोजीले विकास गरेको लङ मार्च-८ए वाई८ क्यारियर रकेट दक्षिण चीनको हाइनान प्रान्तस्थित प्रक्षेपण स्थलमा सुरक्षित राखिएको छ। यसको प्रक्षेपण चाँडै हुने बताइएको छ।

लङ मार्च-८ए लङ मार्च-८ शृंखलाभित्रको सुधारिएको मोडेल हो। यसले ७ टन तौलको पेलोड ७०० किलोमिटर कक्षमा पुऱ्याउन सक्ने क्षमता राख्छ। उच्च घनत्व र द्रुत सेटेलाइट प्रक्षेपणका लागि विशेष रूपमा डिजाइन गरिएको यस रकेटले चीनको अन्तरिक्ष प्रविधि र व्यावसायिक अन्तरिक्ष मिसनमा महत्त्वपूर्ण योगदान दिने विश्वास गरिएको छ।

फेब्रुअरी सन् २०२५ मा यसको पहिलो उडान भएदेखि यस मोडेलले ७ सफल मिसन पूरा गरिसकेको छ। यसले चीनको सेटेलाइट इन्टरनेट कन्स्टेलेसन निर्माणको मुख्य प्रक्षेपण यानको रूपमा काम गरिरहेको छ। चीनको योजना अनुसार लङ मार्च-८ शृंखलाबाट २०२६ मा करिब १५ प्रक्षेपण सम्पन्न हुनेछन्, जसले चीनको स्पेस नेटवर्क विस्तारमा ठुलो योगदान पुऱ्याउनेछ।

विशेषज्ञहरूको भनाइअनुसार लङ मार्च-८ए वाई८ रकेटको उच्च पेलोड क्षमता र द्रुत प्रक्षेपण तालले सानो र मध्यम आकारका सेटेलाइटहरूलाई छिटो र सुरक्षित रूपमा कक्ष स्थानमा पुऱ्याउन सक्ने सुविधा प्रदान गर्दछ। यसले चीनको अन्तरिक्ष टेक्नोलोजी र व्यावसायिक स्पेस मिसनमा नयाँ उचाइ थप्नेछ।

## नयाँ संविधानपछि...

### ४ पटक बहुमतको सरकार...

तर, राजा ज्ञानेन्द्रले ८ जेठ, २०५९ मा संसद् नै विघटन गरिदिए। यसरी यो सरकार पनि पूर्ण कार्यकाल टिक्न सकेन। २०७२ को संविधान जारी भएपछि २०७४ सालमा भएको निर्वाचनमा तत्कालीन एमाले र माओवादीको कम्युनिस्ट एकताले करिब दुईतिहाइ अर्थात् १७४ सिट ल्यायो। चुनावी नतिजासम्म २ दल छुट्टाछुट्टै भएकाले त्यतिबेला कुनै एक दलले बहुमत भने ल्याएको थिएन। पछि यी २ दलबीच एकता भएर नेकपा बनेपछि भने एकल सरकारमा परिणत भएको थियो। तर, दुईतिहाइ नजिकको उक्त सरकार विघटन हुनुको मुख्य कारण पनि यही बन्यो। सरकारको नेतृत्व गरेका केपी शर्मा ओली र पुष्पकमल दाहाल 'प्रचण्ड' लगायत नेताबीच पार्टीभित्र अन्तरसंघर्ष हुँदा यो सरकार पनि ५ वर्ष टिक्न सकेन।

### सांसद् चुनिइसके, तर बनेन...

तर, यसका लागि संसद् भवन भने छैन। राष्ट्रियसभाका लागि सिंहदरबारभित्रै व्यवस्था गरिए पनि २७५ जना अट्ने गरी तत्काल वैकल्पिक व्यवस्था गर्ने सम्भावना पनि छैन। प्रतिनिधिसभाको निर्वाचन सम्पन्न भइसक्दा पनि ६ वर्षअघि निर्माण सुरु भएको संसद् भवन तयार हुन सकेको छैन। पुरानो संसद् भवन आगजनीका कारण ध्वस्त भएको र तत्काल बैठक राख्न उपयुक्त स्थान समेत नभएकाले यसको निर्माण सम्पन्न हुँदासम्म बैठक बस्ने सम्भावना देखिँदैन। संवैधानिक व्यवस्थाको पालना र संसद् भवनको निर्माण हुँदै गरेका कारण चैत मसान्त वा वैशाख पहिलो सातासम्म संसद् बैठक बस्ने सम्भावना रहेको संघीय संसद् सचिवालय जनाउँछ। सचिवालयका अनुसार निर्माणाधीन संसद् भवनको सम्पूर्ण काम तत्काल सम्पन्न हुन नसके पनि प्रतिनिधिसभा बैठक राख्ने गरी बैठक हलको काम भइरहेको छ। यसरी निर्माणाधीन संसद् भवनमै वैकल्पिक तयारी गरेर पनि नवगठित संसद्को बैठक समयमै राख्ने सचिवालयको तयारी छ।

### भुइँको टिप्न...

उनले एमालेका प्रमोदकुमार यादवलाई पराजित गर्दै रूपन्देही-४ बाट प्रतिनिधिसभाको यात्रा तय गरेका छन्। २८ हजार ६६ मत प्राप्त गरी विजयी भएका बनियाले भने, 'मर्चवार क्षेत्रको योगदान संघीय राजनीतिमा देखियोस् र नयाँ पुस्ताको भावना सम्बोधन होस् भनेर मैले जोखिम लिएको थिएँ, जसमा क्षेत्रबासीले साथ दिए। अब काम गरेर नागरिकको सेवा गर्ने पालो मेरो हो।'

जनताले ५ वर्षका लागि दिएको म्यान्डेटलाई डेढ वर्षअगावै लत्याएर पदको लोभ गरेको भन्दै 'अवसरवादी' को संज्ञा दिँदै सामाजिक सञ्जालमा उनीहरूको चर्को आलोचना भइरहेको छ। अधिवक्ता शैलेन्द्र अम्बेडकरले भने, 'उनीहरूले न पुरानो पद जोगाउन सके, न त नयाँ संसद् नै छिर्न सके।'

देशभरमा परिवर्तनको लहरका बीच प्रदेश संरचनालाई 'अधिकारविहीन' भन्दै केन्द्र ताक्ने प्रवृत्तिका कारण आममतदाताले अस्वीकार गरेको हुन सक्ने राजनीतिक अनुभवी डा. त्रिभुवन बरईको ठम्याइ छ।

## डकुमेन्ट हरायो

मिति २०८२ माघ २६ गतेका दिन बिहान ९ बजेतिर नयाँ बजारमा मेरो (**Embassy of India, Kathmandu**) को भारतीय नागरिकको रूपमा दर्ता प्रमाणपत्र (**Certificate of Registration**) हराएको हुदाँ फेला पार्नुहुने महानुभावले नजिकको प्रहरी कार्यलयमा वा तल दिइएको ठेगानामा खबर गरिदिनु हुन अनुरोध गर्दछु।

**नाम, थर : तरुण गर्ग**
**रजिस्ट्रेशन नं.**: ३२४९/२०२२
**सम्पर्क नं.**: ९८१३५८१७१७

## स्थानीय सरकार
## पथरी शनिश्चरे नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय

पथरी, मोरङ, कोशी प्रदेश, नेपाल

**वोलपत्र स्वीकृत गर्ने आशयको सूचना**

सूचना प्रकाशित मितिः २०८२।११।२६

प्रस्तुत विषयमा यस पथरी शनिश्चरे नगरपालिका नगरकार्यपालिकाको कार्यालयबाट मिति २०८२।१०।०८ गते सौर्य दैनिक पत्रिकामा प्रकाशित वोलपत्र आह्वानको सूचना बमोजिम उल्लेखित म्यादभित्र पेश भएका वोलपत्रहरुको मूल्याङ्कन हुँदा देहाय बमोजिमको वोलपत्र प्रस्ताव सारभूतरुपमा प्रभावग्राही ठहरी स्वीकृतिका लागि छनौट भएकाले सार्वजनिक खरिद ऐन ,२०६३ को दफा २७ को उपदफा २ प्रयोजनार्थका लागि सम्बन्धित सबैमा जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

**तपसिल**

| सिनं. | ठेक्का नं | कामको विवरण | छनौट भएको वोलपत्रदाताको नाम / ठेगाना | कबोल अङ्क (भ्याट र पि एस सहित) |
|---|---|---|---|---|
| १. | PSMUN/NCB/WORKS/ 2082/83-07 | Tribeni Shanishchare Sadak Kalopatre Nirman | श्री लालिगुराँस निर्माण सेवा, शिवसताक्षी ८, झापा | रु. ९६,९७,२१७.१८ |

प्रमुख प्रशासकीय अधिकृत

**बिगो नं.२६२**

**बर्दिया जिल्ला अदालतबाट जारी भएको जिल्ला बर्दिया बढैयाताल गा.पा. वडा नं. १ सानो डाँफे बस्ने उत्तम कुमार थपलियाको छोरा रबिन्द्र कुमार थपलियाका नाउँको १५ (पन्ध्र) दिने सूचना म्याद म्याद..........**

उप्रान्त बादी जिल्ला बर्दिया बढैयाताल गा.पा. वडा नं. १ बस्ने पंकज कुमार थपलिया प्रतिवादी तपाई समेत भएको दुषित राजिनामा लिखत दा.खा. दर्ता बदर गरी हक फिर्ता गरी पाउँ मुद्दामा यस बर्दिया जिल्ला अदालतबाट मिति २०८०/०८/२७ मा भएको फैसला शुरु सदर हुने ठहरी उच्च अदालत तुलसीपुर नेपालगंज इजलासबाट मिति २०८१।०५।३० मा भएको फैसला बमोजिम मिति २०७८।०८।०६ को र.नं.२३९९ (ख) बाट पारित राजिनामा लिखत र सोका आधारमा तयार भएको दर्ता स्रेस्ता समेत बदर भै वादीले २ भागको १ भाग पाउँने ठहरेकोले फैसला बमोजिम हक कायम गरी पाउँ भनी बादीको यस अदालतमा निवेदन दरखास्त परेकाले तपाईका नाउँमा यो १५ दिने सूचना म्याद जारी गरी पठाईएको छ। तपाईले यो सूचना म्याद बुझि पाए वा रित पूर्वक तामेल भएका मितिले बाटाका म्याद बाहेक १५ दिन भित्र यस अदालतमा हाजिर हुन आउनु होला। तपाईको रोहवरमा फैसला बमोजिम बादीको नाउँमा दर्ता हुने ठहरेको जग्गा दर्ताका लागि मालपोत कार्यालयमा जानकारी पठाईने छ। म्यादमा हाजिर हुन नआएमा कानून बमोजिम गरी दरखास्तमा खुलाई ल्याएको जग्गा तपाईको अनुपस्थितिमा समेत अदालतबाट जुन बखत पनि दर्ता फोड भएको जग्गा दा.खा.का लागि जानकारी मालपोत कार्यालयमा पठाईने छ। पछि असल कमसल पर्यो भनी तपाईको कुनै उजुर बाजुर लाग्ने छैन।

**इति सम्वत २०८२ साल फागुन महिना ११ रोज २ शुभम् ......**

## Mandandeupur Municipality
## Office of Municipal Executive

**Mahadevsthan, Kavre**
**Bagamati Province, Nepal**

**INVITATION FOR ONLINE BIDS**

**(First Date of Publication: 29th JAN 2026)**
**(Second Date of Publication: 10th MARCH 2026)**

Mandandeupur Municipality invites electronic bids from eligible bidders for the construction of works mentioned below under National Competitive Bidding procedures. Eligible bidders may obtain further information through PPMO e-GP system www.bolpatra.gov.np/egp or may visit Mandandeupur Municipality website www.mandandeupurmun.gov.np.

| S/N | Project Name | Contract Id | Last Date of Bid Submission | Date of Bid Opening | Bid Document Fee (Nrs) | Bid security Amount Nrs. | Cost Estimate (Excluding Vat, PS & Contingency) |
|---|---|---|---|---|---|---|---|
| 1 | Ward 7 KO ka Bibhinna Yojana haru -II | 46/Works/NCB/ MDM/082/83 | 24/03/2026 12:00 hrs. | 24/03/2026 13:00 hrs. | Nrs. 3000.00 | Nrs. 47000.00 | Nrs. 1849814.73 |
| 2 | Wada no 4 ka Khanepani tatha Bhautik Purwadharka Yojanaharu | 47/Works/NCB/ MDM/082/83 | 24/03/2026 12:00 hrs . | 24/03/2026 13:00 hrs. | Nrs.3000.00 | Nrs. 90000.00 | Nrs. 3599968.80 |

**Chief Administrative Officer**

## नेपाल सरकार
## उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
## कम्पनी रजिष्ट्रारको कार्यालयको

**कम्पनीको दर्ता खारेज गरिएको सूचना**

यस कार्यालयमा मिति २०७९।०२।१३ मा दर्ता भएको **प्रा.लि. नं. २९१२७३/०७८/०७९** को **एम.बि.के. ब्रदर्श प्रा. लि.** नामक कम्पनी यस कार्यालयको मिति २०८२।११।२५ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १२६(१) बमोजिम दर्ता खारेज गरिएको सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।